# प्रेस विज्ञप्ति

हालको विश्व परिवेश तथा विशेषगरी मध्यपूर्व क्षेत्रमा विकसित असहज परिस्थितिका कारण पेट्रोलियम पदार्थको आपूर्तिमा अवरोध सिर्जना भई यसको प्रभाव विद्युतको प्रयोगमा घरेलु तथा औद्योगिक क्षेत्रसम्म परेको तथ्य सर्वविदितै छ। सम्भावित चुनौतीहरूको समयमै व्यवस्थापन तथा समाधानका लागि नेपाल विद्युत प्राधिकरणले हरसंभव पूर्वतयारी गरेको छ।

यसै क्रममा विभिन्न सञ्चार माध्यम तथा सामाजिक सञ्जालहरूमा प्राधिकरणमा ट्रान्सफर्मर तथा तारको मौज्दात अभाव रहेको भन्ने लगायतका आशंकाहरु ब्यक्त भइरहेका प्रति प्राधिकरणको गम्भीर ध्यानाकर्षण भएको छ। यस्ता सूचनाहरूले अनावश्यक भ्रम र त्रास सिर्जना गर्ने भएकाले सत्यतथ्यमा आधारित जानकारी मात्र प्रेषण एवम् ग्रहण गर्न सबै सरोकारवालामा अनुरोध गरिन्छ।

हाल प्राधिकरणसँग ट्रान्सफर्मर तथा तारको मौज्दात कायमै रहेकोले तत्काल आवश्यकताको परिपूर्ति गर्न प्राधिकरण सक्षम रहेको छ। साथै, आवश्यक उपकरणहरूको खरिद प्रक्रिया अन्तर्गत आपूर्तिकर्तासँग सम्झौता सम्पन्न भइसकेको छ। पुराना ट्रान्स्फर्मरको मर्मत एवम् स्टोरको चुस्त ब्यवस्थापनबाट कुनै पनि अभाव सिर्जना हुन नदिइने ब्यहोरा जानकारी गराउँदछौं। तथापि, मध्यपूर्व क्षेत्रमा विकसित असहज परिस्थितिका कारण सामान आपूर्ति र ढुवानीमा केही ढिलाइका बाबजुद आगामी एक महिनाभित्र हुने आपूर्ति पश्चात आवश्यक सामग्रीहरूको उपलब्धता थप सहज हुने अपेक्षा गरिएको छ।

विद्युत सेवाको नियमित, भरपर्दो र गुणस्तरीय आपूर्ति सुनिश्चित गर्न र सेवाग्राहीहरूलाई कुनै पनि प्रकारको असुविधा हुन नदिन प्राधिकरण कटिवद्ध रहेको ब्यहोरा अनुरोध गर्दछौं।

नेपाल विद्युत प्राधिकरण
बितरण तथा ग्राहक सेवा निर्देशनालय